गण्डकी प्रदेश सरकार

# गण्डकी प्रदेश नीति तथा योजना आयोग

पोखरा, नेपाल

पत्र संख्याः २०८१/०८२

चलानी नं. ४६४

मितिः-२०८१/१२/१३

श्री स्थानीय तह सबै

गण्डकी प्रदेश नेपाल।

बिषयः- विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा।

प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/८३ को लागि विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०८१" को अनुसूची-३ बमोजिमको ढाँचामा तीन तीन वटा आयोजना तथा कार्यक्रम प्राथमिकिकरण सहित प्रस्ताव गरी सम्वत् २०८२ बैशाख १३ गतेभित्र देहायबमोजिम गण्डकी प्रदेश नीति तथा योजना आयोगमा पेश गर्नु हुन मिति २०८१ चैत १३ गतेको निर्णयानुसार अनुरोध छ।

देहायः-

**अ) बिशेष अनुदानतर्फः**

(१) आयोजना तथा कार्यक्रमको लागत अनुमान रू २५ लाख देखी रू ४० लाख सम्म हुनुपर्ने।

(२) विशेष अनुदानतर्फ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (दोस्रो संशोधन समेत) को दफा १० को उपदफा ५ बमोजिमको निम्न क्षेत्रमा गर्नुपर्ने।

निम्नः

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभुत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) अल्पसंख्यक, सीमान्तकृत वर्ग एवं दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान तथा विकास गर्ने,

(घ) बाल मृत्युदर तथा मातृ मृत्युदर अधिक भएका क्षेत्रहरूमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा,

(ङ) खाद्य सुरक्षा सुनिश्चितता गर्ने,

(च) विपद जोखिम न्यूनिकरण तथा विपद्‌बाट क्षेत्रिग्रस्त पूर्वाधार निर्माण,

(छ) एकीकृत बस्ती विकास तथा जोखिमयुक्त वस्ती स्थानान्तरण।

**आ) समपुरक अनुदानतर्फः**

(१) आयोजना वा कार्यक्रमको कुल लागत अनुमान गाँउपालिका तथा नगरपालिकाको हकमा रू ७५ लाख देखि रू २ करोड सम्म र महानगरपालिकाको हकमा अधिकतम रू ३ करोड रुपैयाँसम्म हुनुपर्ने।

(२) प्रदेश सरकारले स्थानीय तहलाई समपूरक अनुदान प्रदान गर्दा अनुसूची-३ (क) बमोजिमको लागत साझेदारी वा साठी लाख रुपैयाँ मध्ये जुन कम हुन्छ सोही बरावरको रकम उपलब्ध गराउनेछ। सो बाहेकको रकम स्थानीय तह आफैले ब्यहोर्नु पर्नेछ।

(३) समपुरक अनुदानतर्फ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ (दोस्रो संशोधन समेत) को दफा १० को उपदफा ६ बमोजिमको निम्न क्षेत्रमा गर्नुपर्ने।

निम्नः

फोनः- ०६१-४५४८४१, ईमेलः- pppcgandaki@gmail.com, Website:- ppc.gandaki.gov.np

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण,

(ख) खानेपानी तथा सरसफाई,

(ग) सिँचाई तथा नदी नियन्त्रण,

(घ) पहिरो नियन्त्रण तथा भू-संरक्षण,

(ङ) फोहोरमैलाको प्रशोधन तथा व्यवस्थापन,

(च) सामुदायिक विद्यालय भवन निर्माण,

(छ) पर्यटन पूर्वाधार निर्माण,

(ज) शैक्षिक पूर्वाधार निर्माण,

(झ) झोलुङ्गे पुल तथा मझौला सडक पुल निर्माण,

(ञ) सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार निर्माण,

(ट) स्थानीय, ग्रामीण वा कृषि सडक वा सहरी सडकसँग सम्बन्धित सड़क आयोजना,

(ठ) स्वास्थ्य चौकी तथा सोसँग सम्बन्धित अन्य आवश्यक पूर्वाधार निर्माण,

(ड) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोडने स्थानीय सडक तथा प्रदेश लोकमार्ग र सो अन्तर्गको सडक निर्माण,

(ढ) विद्युत सेवाबाट वञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(ण) वातावरण संरक्षण सम्बन्धी आयोजना तथा कार्यक्रम,

(त) शहरी पूर्वाधार निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रम।

(थ) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश वा स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका अन्य आयोजना तथा कार्यक्रम।

**इ) आवश्यक कागजातहरू:**

(क) अनुदान माग गर्ने सम्बन्धी आयोजना तथा कार्यक्रमको प्राथमिकिकरण सहितको कार्यपालिकाको बैठकको निर्णयको प्रमाणित प्रतिलिपी।

(ख) पूर्वाधार तर्फका आयोजनाको हकमा स्वीकृत लागत अनुमान, ड्रइङ, डिजाइन स्पेसिफिकेसन सहितको लागत अनुमान।

(ग) कार्यक्रमको हकमा स्वीकृत प्रस्तावपत्र सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना।

**ई) अन्य विवरण:**

(क) विशेष अनुदान वा समपुरक अनुदानबाट सञ्चालित हुने आयोजना वा कार्यक्रम सोही आर्थिक बर्षमा सम्पन्न हुने गरी गर्नुपर्नेछ। सोही आर्थिक बर्षमा सम्पन्न नगरेमा त्यस्ता आयोजना वा कार्यक्रममा प्रदेश सरकारले कुनै दायित्व बहन गर्ने छैन।

(ख) स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजनामा दोहोरो नपर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ।

थप जानकारीको लागी सम्पर्क ९८५६०५१०१८ (सन्तोष देवकोटा)